फोनः ०५६-४१०१२२/४१०१११
इमेलः ichchhakamanaruralmun@gmail.com
वेबसाइटः ichchhakamanamun.gov.np

# इच्छाकामना गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

कुरिनटार, चितवन

बागमती प्रदेश, नेपाल

प.सं. २०८२/०८३
च.नं.

मिति २०८३/०५/०२

**विषय : करारमा शिक्षक पदपूर्ति सम्बन्धी सूचना।**

यस इच्छाकामना गाउँपालिकाको मिति २०८३/०५/०२ गतेको निर्णयअनुसार "इच्छाकामना गाउँपालिका करार शिक्षक तथा विद्यालय कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८०" बमोजिम यस गाउँपालिकाअन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरूमा आधारभूत तह (साविक प्राथमिक) का रिक्त वा रिक्त हुन आउने शिक्षक पदहरूमा स्थायी शिक्षक पदपूर्ति नभएसम्मका लागि खुला प्रतिस्पर्धात्मक परीक्षाद्वारा योग्यताक्रमका आधारमा करारमा शिक्षक छनोट गरी गाउँपालिका क्षेत्रभित्रका सम्बन्धित विद्यालयहरूमा पदस्थापन गर्नुपर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र तपसिलमा उल्लिखित कागजातहरू संलग्न गरी यस गाउँपालिकाको कार्यालयमा आवेदन पेस गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

१. विज्ञापन नम्बरः०१-०८३/८४

२. आवश्यक न्यूनतम शैक्षिक योग्यताः मान्यता प्राप्त शिक्षण संस्थाबाट कक्षा १२ वा सो सरह उत्तीर्ण गरेको।

३. निवेदन साथ पेश गर्नु पर्ने कागजातहरु : क) शैक्षिक योग्यताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपिहरु। ख) नेपाली नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि। ग) स्थायी अध्यापन अनुमति पत्रको प्रमाणित प्रतिलिपि। घ) अनुभव वापत अंकका लागी सम्बन्धित तहमा नियुक्ती र सेवा प्रमाणित कागजात पेश गर्नु पर्नेछ।

४. परीक्षाको किसिम : लिखित र अन्तर्वार्ता (प्रयोगात्मक आवश्यकता अनुसार) शिक्षक सेवा आयोगले तोके बमोजिमको पाठ्यक्रम अनुसार परीक्षा सञ्चालन गरिनेछ।

५. उमेरः दरखास्त दिने अन्तिम मितिसम्म १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको।

६. आवेदन दस्तुर : आवेदन दस्तुर : Global IME बैक कुरिनटार शाखामा रहेको आन्तरिक राजश्व खाता नं. १२१०४०१००००००४ वा कार्यालयको राजश्व शाखामा प्रा.वि. तह रु. ५००/- दाखिला गर्नुपर्नेछ।

७. सूचना प्रकाशन मितिः२०८३/०५/ ०२ र दरखास्त दिने अन्तिम मितिः२०८३/०५/१६ गते कार्यालय समय भित्र।

८. परीक्षा मिति र केन्द्र पछि प्रकाशन गरिनेछ। ९. तलब स्केलः नियमानुसार।

१०. सम्पर्क फोन नं ९८४२९५८६३० (कार्यालय समय भित्र मात्र।)

११. रित नपुगेको वा म्याद नाघी आएको निवेदन उपर कुनै कारवाही गरिने छैन।

१२. विज्ञापनको विस्तृत विवरण पालिकाको वेवसाइटमा मितिः२०८३/०५/०२ गते अपलोड गरिएको छ।

द्रष्टव्यः उम्मेदवारहरूको परीक्षाबाट कायम भएको योग्यताक्रमका आधारमा यस गाउँपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयहरूमा रिक्त रहेका तथा चालु आर्थिक वर्षभित्र रिक्त हुन आउने प्रा.वि. तहका समान प्रकृतिका शिक्षक पदमा क्रमशः पदस्थापन तथा नियुक्ति गरिनेछ। साथै, योग्यताक्रमसहितको अन्तिम नामावली प्रकाशन गरिनेछ र सोही योग्यताक्रमका आधारमा चालु आर्थिक वर्षभित्र यस गाउँपालिकाअन्तर्गतका सामुदायिक विद्यालयहरूमा रिक्त हुन आउने करार, राहत, गाउँपालिका अनुदान तथा अन्य स्वीकृत शिक्षक कोटाका पदहरूमा समेत क्रमशः पदस्थापन गरिनेछ।

.......................................
नि.प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः सूचना प्रविधि अधिकृत गा.पा. को website मा अपलोड गर्नुहुन।